# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ६७३/०७२/७३
निर्णय नं. १८

जिल्ला सिन्धुपाल्चोक, हेलम्बू-५, तार्केघ्याङ निवासी निमा लामा ........................................१ पुनरावेदक

**विरूद्ध**

प्रधानाध्यापक, श्री गोरखनाथ प्रा. वि., हेलम्बू-५, तार्केघ्याङ, सिन्धुपाल्चोक ........................... १ विपक्षी
सूचना अधिकारीज्यू, श्री गोरखनाथ प्रा. वि., हेलम्बू-५, तार्केघ्याङ, सिन्धुपाल्चोक ...................... १

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

जिल्ला सिन्धुपाल्चोक, हेलम्बू-५, तार्केघ्याङ निवासी निमा लामाले श्री गोरखनाथ प्रा. वि., हेलम्बू-५, तार्केघ्याङ, सिन्धुपाल्चोक समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०३।२० मा पुनरावेदन गरेको । प्रस्तुत सम्बन्धमा राष्ट्रिय सूचना आयोगको च. नं. १४९१ मिति २०७३।०३।२२ को पत्रबाट श्री गोरखनाथ प्रा. वि., हेलम्बू-५, तार्केघ्याङको नाममा पुनरावेदकलाई के कति कारणले सूचना उपलब्ध नगराएको भनी पत्राचार गरेको । आयोगबाट प्रेषित मिति २०७३।०३।२२ को पत्र पश्चात पनि श्री गोरखनाथ प्रा. वि., हेलम्बू-५, तार्केघ्याङले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले माग बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी पुन: मिति २०७३।०५।०६ मा पुन: उजुरी गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन । यस सम्बन्धमा जिल्ला शिक्षा कार्यालय, सिन्धुपाल्चोकबाट पनि मिति २०७३।०३।२४ मा पत्राचार भएको देखिन्छ ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा श्री गोरखनाथ प्रा. वि., हेलम्बू-५, तार्केघ्याङ, सिन्धुपाल्चोकले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रकिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अवधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण सहित ७ दिन भित्र पुनरावेदकलाई माग गरेको तपसिलको सूचना उपलब्ध गराउनू भनी श्री गोरखनाथ प्रा. वि.,

मेलम्चु-४, तार्केघ्याङ, सिन्धुपाल्चोकको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

तपसिल

१. श्री गोरखनाथ प्रा. वि.को आ. व. २०७०/७१ देखिको लेखा परीक्षण प्रतिवेदन एवं आय व्ययको विवरणको प्रतिलपि ।

२. श्री गोरखनाथ प्रा. वि.को शैक्षिक सत्र ०७० देखि हालसम्मको विद्यार्थी संख्या सम्वन्धी बिवरण ।

३. श्री गोरखनाथ प्रा. वि.को व्यवस्थापन समितिको अध्यक्ष लगायत पदाधिकारीहरुको पदावधि सम्वन्धी बिवरण ।

४. श्री गोरखनाथ प्रा. वि.को विद्यालयको शिक्षकहरुको तलब के कसरी निकासा भईरहेको छ भन्ने बारे जानकारी ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम् ।